आलेख : त्यसै अनिकाल पर्दैन

मूल लेखक : अनुपम मिश्र

अनुवादक : पदम बहादुर थापा

संस्करण : साउन, २०७०

प्रति :

मूल्य :

प्रकाशक : साउथ एसियन डायलाग्स ऑन
इकोलॉजिकल डिमोक्रेसी (SADED),
दिल्ली

मुद्रक :

# त्यसै अनिकाल पर्दैन

अनिकाल पर्ने कुरो प्रस्ट छ। ढिलोचाँडो कतिबेला पर्छ, यतिमात्र हो। यसबारे सारा देश चिन्तित छ। पहिलोपल्ट अनिकाल पर्दै छ भन्ने कुरो पनि होइन। तर आउने अनिकाल बेग्लै किसिमको अनिकाल हुनेछ। यसमा कहिल्यै नभएको कुरो हुने निश्चित छ। सबभन्दा सस्तो कार उपलब्ध गराउने बाचा गरिएको थियो। हिजोआज त्यो बाचा पूरा भइसकेको छ। कारको मात्र कुरो कहाँ हो र, अरू यान्त्रिक उपकरणका मूल्य पनि घटेकै छ। दश वर्षअघि मानिसले ती कार किन्न सक्दैनथे। तर अहिले उनीहरूले ती धमाधम किन्दै छन्। सबभन्दा सस्तो मूल्यको मात्रै कुरो किन गर्ने? कुनैबेला सबभन्दा महंगो दाल पनि किनिएला। यो नै यस अनिकालको भयावह तस्बिर हो। यो कुरो औद्योगिक विकासका विरुद्ध कदापि गरिएको होइन। केही मानिसहरूले यस महादेशका बारेमा विचार गर्दै छन्। तर उनिहरूले खेती, पानी, अनिकाल र बाढीपैरो आदिबारे सोच्नुपर्ने छ। यही नै गाँठी कुरो हो।

हामीकहाँ एउटा चलनचल्तीको उखानै छ। 'आगो लागेपछि कुवा खन्ने'। कैयौँपल्ट आगो लागेको होला। र, धेरैपटक कुवाहरू खनिएका पनि होलान्। अनुभवी मदानीले मथेर नै यस्ता उखान नौनीसरि माथि ल्याएका होलान्। तर मानिसले यस्ता उखान र

नेतृत्व बिर्सिहाल्छन्। अहिले बाँकी बचेका बादल बटुलेर मनसुन फर्किसकेको छ। तर गुजरात यसको एउटा अपवाद भएको छ। यसको कुरो यहीं छोडौं। यसपटक देशभरि नै औसतभन्दा धेरै थोरै पानी परेको छ। यो सही कुरो हो।

अनिकालको आगो सल्किसकेको छ। र, अब कुवा खन्ने तयारी हुँदै छ। तर देशका सत्ताधारी र विपक्ष दुवैको ध्यान यतातिर गएको देखिन्न। केन्द्रीय नेतृत्व चार पैसाको झगडामा फसेको छ। यस्तै विपक्षी पनि यसमा अल्झिएकै छ। भर्खरै केही महिना अघिको कुरो हो। यिनका वा तिनका पक्षमा भोट खसालिएको थियो। यो देखेर उनीहरूलाई स्वयं लाज लाग्यो होला। केन्द्रीय पार्टीहरूमा चार–चार पैसाका लागि झगडा हुन्छ। (भारतका प्रधानमन्त्री मनमोहन सिंहका विरुद्ध संसदमा एउटा प्रस्ताव ल्याइएको थियो। त्यस प्रस्तावमा भोटिंग भयो। र, त्यहाँ पैसाको एउटा ठूलै चलखेल भयो। यसमा सांसद किन्ने कामसमेत गरियो भन्ने कुरो सुनिन्छ, टी.भी. मा हेरिन्छ।) चंगा काटिंदै छन्, माझा लपटिंदै छ। उता राज्यस्तरका पार्टीहरूबीच पनि दुई–दुई पैसाका निम्ति लफडा मच्चिदै छ। अनिकालका कारण आत्महत्या भइरहेकै छन्। यी खबरहरू यहाँ राजाका छोरालाई राजा बनाउने खबरले ढाकिदिएको छ। कतै यस्तो अनिकालमा पनि पत्थरका मूर्तिहरू बनाइँदै छन्। (यसअघि उत्तर प्रदेशकी मुख्यमन्त्री सुश्री मायावती थिइन्। उनको पार्टीको नाउँ हो– 'बहुजन समाजवादी पार्टी' (ब.स.पा.)। र, त्यस पार्टीको चुनाव चिन्ह हो हात्ती। यही हात्तीका पत्थरका असंख्य मूर्तिहरू बनाइए। यस्तै अरूहरूका मूर्ति पनि बनाइएका थिए। र,

यिनमा करोडौं सरकारी रुपैयाँ खर्च गरियो। विगतको विधानसभाको चुनावताका निर्वाचन आयोगले हात्तीका यी पत्थरका मूर्तिहरू छोप्ने आदेश दिएको थियो। त्यस चुनावमा मायावतीको पार्टीको हारको एउटा कारण यो पनि हो भन्दा अत्युक्ति नहोला।) यिनले समेत हाम्रो नेतृत्वको मन पनि पत्थरसरि साह्रो छ भन्ने कुरो स्पष्ट गरेकै छन्।

कैयौं कुराहरू पटक–पटक भन्नुपर्ने हुन्छ। भन्नुपरोइन, अनिकाल त्यसै पर्दैन। त्योभन्दा पहिले राम्रो विचारको अनिकाल पर्न थाल्छ। राम्रो विचारको अर्थ हो–राम्रो योजना र राम्रो काम। यस देशमा राम्रो योजनाको अनिकाल नै परेको छ। यस्तै खराब योजनाको भेल उर्लिएकै छ। पछिल्ला दिनहरूमा यस्तै भएको छ। देशलाई स्वर्ग बनाउनुपर्छ भन्ने इच्छा नेताहरूको हुन्छ नै। यो बडो राम्रो कुरो हो। अनेकानेक नेताहरूले स्पेशल इकोनोमिक जोन, सिंगुर र नन्दीग्रामतिर पूरै ध्यान दिएका थिए। यस्तै उनीहरूले कतिपय ठूल्ठूला योजनाहरूमा पनि दृष्टि लगाएकै थिए। यति सारा मानिसले खेती गर्नु जरुरी छैन भन्ने कुरो पनि सुनियो। **एकजना जिम्मेवार नेताका तर्फबाट एउटा बयान आयो कि 'भारतलाई गाउँहरूको देश भन्नु जरुरी छैन। गाउँमा बस्नेहरू शहरमा गएर बस्न लागे भने हामीले उनीहरूलाई स्तरीय चिकित्सा, उचित शिक्षा र सुखी जीवनका निम्ति तमाम सुविधाहरू सजिलै गरी दिन सक्नेछौं।' खासगरी शहरमा बस्ने सबैलाई यी सुविधाहरू प्राप्त भइसकेको छ भन्ने उनीहरूको ठहर होला। तर यसको उत्तर त शहरवासीहरूले नै देलान्।**

यस कुरोलाई यहीं बिर्सौं। **हाम्रा अघिल्तिर दुइटा चुनौतीहरू तेर्सिएका छन्। एउटा बर्खे बाली बचाउनु हो भने अर्को हिउँदे बालीको लागि तयारी गर्नु हो। तर यसबारे सरकारसित कुनै बनिबनाउ तरिका र उपाय छैन। यही नै दुर्भाग्य हो। केही वर्ष पहिलेको कुरो हो। भनौं मनसुन आउने राम्रो छाँटकाँट देखिएन। यस स्थितिमा पर्याप्त पानी नचाहिने बाली लगाउनुपर्छ भन्ने समझदारी किसानहरूको हुन्थ्यो। त्यतिखेर देशको एउटा धेरै ठूलो भू–भागमा यस किसिमको बुझाइ हुने गर्थ्यो। पुस्तौं–पुस्तौंदेखि त्यस समाजमा यस्ता स्थानीय बीउहरू सुरक्षित राखिएका हुन्थे। उतिबेला त्यहाँ थोरै पानी चाहिने बालीले अनिकाल पर्न दिन्नथ्यो। तर आधुनिक विकासको नयाँ नीतिले यस किसिमको स्वावलम्बनलाई अज्ञानताले भए पनि अवश्य समाप्त गरेको छ।** (यस्तै अन्नको भण्डारण गरेर त्यसलाई सुरक्षित गर्ने काम नेपालमा पनि गरिएको पाइन्छ। यस देशको मध्यपश्चिमाञ्चलमा दांग जिल्ला पर्दछ। त्यस जिल्लामा रामपुर भन्ने एउटा गाँउ छ। त्यस गा.वि.स.को नाउँ पनि रामपुर हो। त्यहाँ यस्तै कम पानी लाग्ने तथा थरीथरीका स्थानीय बीउहरू सुरक्षित गर्ने एउटा बीउ बैंक स्थापना गरिएको छ। यो निकै नै सराहनीय कार्य हो।) यसरी ती ठाउँहरूमा थोरै पानी चाहिने बालीले गर्दा अनिकाल पर्दैनथ्यो।

आजको समय आधुनिक विकास र नयाँ नीतिको समय हो। यिनैले किसानको त्यो स्वावलम्बनलाई कुल्चिने काम गरेका छन्। यो काम सायद नजानेर पनि गरिएको होला। प्रायः प्रत्येक भेगमा धान, गहुँ, जुनेलो र ज्वारका हरेक खेतबारीमा पानी हेरेर

बीउ छर्ने पूरै तयारी हुन्थ्यो। अनिकालका बारेमा यस्तो उपाय त गरिन्थ्यो नै। यसका अतिरिक्त बाढीलाई ख्याल गरेर बीउबिजनको छनोट पनि गरिन्थ्यो। आधुनिक कृषि विकासको थालनी भएको पनि तीस–चालीस वर्ष भइसकेको छ। यसले किसानको त्यो सूक्ष्म समझदारीलाई पूर्णतः समाप्त गरिदिएको छ। त्यो जमानाका किसानहरू पुर्ख्यौली थलोमा बस्दै आएका थिए। उनीहरूलाई त्यहाँका माटो, मलजल, हावा र बीउबारे राम्रो ज्ञान थियो। यस सम्बन्धमा उनीहरू पोख्त थिए। अब त कृषि अधिकारीहरू सात–आठ महिना मै सरुवा भएर आउने–जाने गर्छन्। यतिबेला त्यस्ता जानकार किसानहरूलाई यिनीहरूकै सरसल्लाहमा भर पर्नुपर्ने बनाइएको छ।

एकन्ताका किसानका सिंचाइ गर्ने आफ्नै साधनहरू हुन्थे। ती साधनहरूबाट उनीहरूलाई वञ्चितसमेत गरिएको छ। उनीहरूको यो पनि एउटा मजबुरी हो, बाध्यता हो। त्यतिखेर पानी के–कति छ त्यो हेरेर–बुझेर मात्रै बीउ वा बेर्ना छर्ने र रोप्ने काम गरिन्थ्यो। हिजोआज राजस्थानमा गहुँ, धान, उखु र मुंगफलीजस्ता फसल उब्जाउनुपर्छ भन्ने नयाँ योजनाद्वारा आग्रह गरिएकै छ, प्रचार–प्रसार भएकै छ। कम पानी पाइने क्षेत्रमा ज्यादा पानी लाग्ने फसल उब्जाउने चलन बढ्दै छ। यसका निम्ति धेरै पानी चाहिन्छ। धेरै पानी दिनका लागि नै हामी बसेका हौं भन्ने सरकारलाई लाग्छ होला। यस्ता इलाकामा अरबौं रुपैयाँ लगानी गरेर इन्दिरा नहर र नर्मदा नहरजस्ता बृहत्र योजनाहरू निर्माण गरिए। यिनैका माध्यमले सयौं किलोमिटर टाढाबाट पानी ल्याएर सिंचाइ गरिन्छ।

तर लामो समयसम्म यिनबाट निर्बाध पानी आपूर्ति भइरहलाजस्तो लाग्दैन।

यसपालि हरेक ठाउँमा कम पानी परेको छ। त्यति पानी पनि हाम्रा स्वनामधन्य बाँधहरूमा भरिएको छैन। र, अब तिनबाट निस्किने नहरले खेतबारीसम्म पानी पुऱ्याउन गाह्रै पर्ला। **भर्खरैको कुरो हो। कृषि मन्त्रीले एउटा घोषणा गरेका छन्। त्यसअनुसार भू–जल प्रयोग गरेर बाली बचाउन किसानहरूलाई दश हजार करोड रुपैयाँको डिजेल सब्सिडी दिइनेछ। यो योजना एक त इमानदारीका साथ लागू गरिदैन्। यदि लागू भइहाल्यो भने पनि आउने अनिकालमा किसानहरूलाई दोहोरो मार पर्न सक्छ। एकातिर मनसुनको पानी परेको छैन। अर्कोतिर बाली बचाउने मोहमा परी जमिनमुनिको पानी पनि तानेर सिध्याइनेछ। यसोहुँदा आउँदा वर्षहरूमा पर्ने अनिकाल अझ झन् भयंकर हुनेछ। यो पक्का कुरो हो।**

यतिबेला वर्षा कम भएको छ। यस स्थितिमा सरकारले अनिकालको कालो बादल नछाउने इलाका खोज्नुपर्दछ। सम्पूर्ण देशका बारेमा यसै भन्न सकिन्न। तर राजस्थानमा एउटा अलवर भन्ने जिल्ला छ। त्यहाँ सालभरि जम्माजम्मी २५–२६ इन्च पानी पर्दछ। यसपल्ट त त्यहाँ त्यसको आधामात्रै पानी परेको छ। तैपनि त्यहाँको एउटा ठूलो भू–भागमा अनिकालको छायाँ त्यति पर्न पाएन। त्यहाँ पछिल्ला वर्षहरूमा केही राम्रा कामहरू भएका थिए। यही कारण त्यहाँ अनिकालले छोपेन। र, यसलाई टिलपिल भरिएका

राम्रा पाल (पोखरीको डिल) मा बसाइएको छ। जयपुर र नागौरमा पनि यस्ता उदाहरणहरू भेटिन्छन्। जयपुरका ग्रामीण इलाकामा सजिलै यस्ता गाउँहरू पाइन्छन्। त्यहाँ अनिकालका परिस्थितिका बाबजुद फसल र खानेपानी सुरक्षित राखिएको हुन्छ। अब जैसलमेर र रामगढजस्ता सुक्खा क्षेत्रतिर लागौं। त्यहाँ चार इन्चभन्दा पनि थोरै पानी परेको होला। र, अब पानी पर्ने छाँट पनि त्यति देखिइँदैन। तर त्यहाँका मानिसले हामीकहाँ खानेपानीको कमी छैन भन्ने यति कुरो त ढुक्क भएर भन्न सक्छन् नै। त्यहाँका केही गाउँहरूले दश–बीस वर्षसम्म तपस्या गरेका थिए अर्थात् भनौं उनीहरूले निकै परिश्रम गरेका थिए। तिनकै बलमा यो भनाइ अघि सारिएको हो। उता महाराष्ट्रको भण्डारा र उत्तराखण्डको पौडी जिल्लामा पनि यस्ता केही ठाउँहरू छन्। हरेक प्रान्तमा यस्ता उदाहरणहरू खोज्नुपर्दछ। र, उनीहरूबाट अनिकालसम्बन्धी शिक्षा प्राप्त गर्नुपर्दछ। अनिकाल परेको बेला पनि मानौं, यी राम्रा कार्यको सुगन्ध आएन रे। तैपनि नेतृत्व पंक्तिले यसको खोजीका निम्ति अनुसन्धान विभागलाई खटाउन सक्छ। तर यति काम पनि भइरहेको छैन। यो बडो नराम्रो कुरो हो।

अर्को कुरो पनि छ। त्यतातिर ध्यान जानु जरुरी छ। **कम पानी चाहिने बालीको शोध हुनु आवश्यक छ। र, यो नगरी नहुने काम पनि हो। पछिल्ला दिनहरूमा यसबारे कृषि वैज्ञानिक, मन्त्रालयसित सम्बन्धित् अधिकारी र नेताहरूबीच विचार–विमर्श र छलफल भएको थियो। कृषि अनुसन्धानको काम हुनुपर्छ भन्ने कुरोमा उनीहरूको जोड थियो। र, कृषि अनुसन्धान संस्था तथा**

**कृषि विश्वविद्यालयमा कम पानी चाहिने बाली र फसलको शोध हुनुपर्दछ भन्ने विचार उनीहरूको थियो। कम पानी चाहिने बालीका निम्ति आवश्यक पर्ने यस्ता बीउबिजनहरू समाजसित सधैं रहँदै आएका छन्। धेरै अघिदेखि समाजले यी बाली र बीउबारे काम गर्दै आएका थिए। सत्ताधारीलाई यति जानकारी त हुनुपर्ने थियो।** नभनिनहुने कुरा, त्यस समाजलाई आधुनिक सिंचाइको आवश्यकता नै छैन। (त्यस समाजलाई वर्षाबाट प्राप्त हुने पानीले सिंचाइ गर्न पाए पुग्छ। त्यसले यस्तो पानीले नै सिंचाइ गरेर खेती गर्दछ।) र, यस्तो खेतीलाई बारानी खेती (आकाशे–खेती अर्थात् आकाशबाट परेको पानीको भरमा हुने खेती वा भनौं सिंचाइ नगरेर गर्ने खेती) र त्यो इलाकालाई बारानी (आकाशे–खेती गर्ने) इलाका भनिन्छ। बीस–तीस वर्षजति भयो होला। त्यस्तो खेती र ती इलाकालाई आधुनिक कृषिको दासी बनाउने कोशिश गरिएको छ। यस्ता क्षेत्रलाई पिछडिएको क्षेत्र भनेर घोषित गरियो। यस्ता बीउ र बीउ छर्ने किसान दुवैलाई पछौटे भनियो। पंजाब र हरियाणामा आधुनिक खेती गरिन्छ। ठीक त्यस्तै खेती गर्ने कुरो उनीहरूलाई भनिदै छ। तर त्यहाँ पनि अनिकालको संकट छाइरहेकै छ। एउटा समय थियो। तिनताका बारानी (आकाशे–खेती गर्ने) क्षेत्रमा सबभन्दा स्वादिष्ट अन्न उब्जिन्थ्यो। हिजोआज दिल्ली र मुम्बईका बजारमा पाइने सबभन्दा महंगो गँहु मध्य प्रदेशको बारानी खेती (आकाशे–खेती) गर्ने इलाकाबाट नै आउँछ। अब त चेतौं, बारानी खेती (आकाशे–खेती) को इज्जत बढाऔं।

यतिखेर अनिकाल परेकै छ। यसोहुँदा हामी सबै मिलेर त्यसै अनिकाल पर्दैन भन्ने कुरो सिकौं। र, यही थेगो घन्काउँदै अघि लम्कौं। अगाडि फेरि अनिकाल पर्नुअघि  नै राम्रा योजनाहरूलाई खडेरी पर्न नदिऊँ। अनिकालका बखतमा समेत स्वच्छ जल र सर्वोत्तम सफलता प्राप्त गरेका भू–भाग, त्यहाँका मानिस एवं परम्पराबाट केही कुरा सिकौं। यति भए पुग्छ।


आलेखः अनुपम मिश्र, पर्यावरण कक्ष, गान्धी शान्ति प्रतिष्ठान, नयाँ दिल्ली–११०००२

□ आवरणः दिलीप चिंचालकर

□ प्रकाशकः साउथ एसियन डायलाग्स ऑन इकोलॉजिकल डेमोक्रेसी (SADED) बीई १४–ए, मुनिरका, दिल्ली–११००६७

□ ई–मेलः networkscommunication@gmail.com

हिन्दीमा यसको □ पहिलो संस्करण नोभेम्बर २००९ □ र दोस्रो संस्करण अगस्त २०११ □ र तेस्रो संस्करण मार्च, २०१३ मा छापिएको थियो। यी तीनै संस्करणको प्रकाशक पैरवी, जी–३) पहिलो तला लाजपत नगर – ३,  नयाँ दिल्ली––११००२४ हो।

यो लेख सर्वप्रथम गान्धी मार्ग, २००४ को एउटा अंकमा प्रकाशित भएको थियो। र, अहिले पनि यो उत्तिकै प्रासङ्गिक छ।